संघीय संसद
प्रतिनिधि सभा, २०७९
चौथो अधिवेशन
बैठक संख्या -४१
सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८१ साल साउन ०८ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा दिनको ०१:१५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा आकस्मिक समयमा एकजना पूर्वमन्त्री तथा सांसदले घुस दिएर काम गराएको विषयप्रति आपत्ति व्यक्त गर्दै सांसदले नै भ्रष्टचारजन्य गतिविधी गरेको र भ्रष्टचारकै कारण मुलुकको राजस्व घटेको विषयमा रुलिङ गर्नुपर्ने, लामो समयदेखी औद्योगिक व्यवसायीहरुबाट विधुत प्राधिकरणले विद्युत महशुल वक्यौता नउठाएको, औद्योगिक व्यवसायीहरुले प्रयोग गरेको **TOD Meter Reading** को रिपोर्ट प्राधिकरणले सरकार र व्यवसायीहरुलाई दिनुपर्ने, नुवाकोटमा प्राकृतिक विपद्ले जनधनमा ठुलो क्षति पुऱ्याएकोले क्षतिग्रस्त बस्तिहरुको सर्भेगरी उचित स्थानमा स्थानान्तरण गर्नुपर्ने, संघीय सरकारले पुनः संरचनाका लागी तीनै तहको **Matching fund** हस्तान्तरण गर्नुपर्ने, कैलालीको धनगढीमा झुटो विवरण पेशगरी अस्पतालको भवन बनाएको साथै गाडी खरिद गरेको, विदेशीले गाउँ-गाउँ छिरेर अर्बौं डलर खर्चगरी धर्मको प्रचारप्रसार गरेर वैदिक सनातन धर्म र समाजिक सहिष्णुता भड्काउने गतिबिधि गरेको, असार २८ गते त्रिशुली नदीमा खसेको बसमा टिकट नकाटी यात्रा गरिरहेको पुष्टि भएका केहि यात्रु हालसम्म पनि पहिचान हुन नसकेको साथै उक्त बस हालसम्म फेला नपरेको, चितवनमा गुडीरहेको बसमा ढुङगा खस्दा मृत्यु भएका चालकको परिवारलाई राहत प्रदान गर्नुपर्ने, बंगलादेशमा भएको आन्दोलनको कारण आपत्कालिन अवस्थामा नेपाल फर्किएका नेपाली विद्यार्थी र त्यहाँ रहेका अन्य नेपाली विद्यार्थीहरुको अवस्था सम्बन्धमा सरकारले सदनमा तत्काल जानकारी गराउनु पर्ने, जनकपुर आँखा अस्पतालमा सेवा सुचारु गराउन सम्बन्धित निकायले तत्काल पहल गर्नुपर्ने लगायतका विषयमा निम्नलिखित माननीय सदस्यहरुले आफ्नो भनाई राख्नुभयो :-

१. मा० राजेन्द्र कुमार के.सी.
२. मा० पदम गिरी
३. मा० हित बहादुर तामाङ्ग
४. मा० रणेन्द्र बराली
५. मा० ज्ञान बहादुर शाही
६. मा० मनिष झा

त्यसपछि शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० विना लामा
२. मा० विनिता कमारी सिंह
३. मा० विराज भक्त श्रेष्ठ
४. मा० विना जैसवाल
५. मा० शक्ति बहादुर बस्नेत
६. मा० श्याम कुमार घिमिरे
७. मा० शान्ति वि.क.
८. मा० शिशिर खनाल
९. मा० शेर बहादुर कुवँर
१०. मा० शोभा ज्ञवाली
११. मा० सन्तोष चालिसे
१२. मा० सन्तोष परियार
१३. मा० सपना राजभण्डारी
१४. मा० सर्वेन्द्र नाथ शुक्ला
१५. मा० सरस्वती बजिमय
१६. मा० सिता कुमारी राना
१७. मा० सिता मिजार
१८. मा० सुमना श्रेष्ठ
१९. मा० सुरेन्द्र राज आचार्य
२०. मा० सुशिला थिङ
२१. मा० सुशिला सिर्पाली ठकुरी
२२. मा० सूर्य कुमारी श्रेष्ठ
२३. मा० सूर्य प्रसाद ढकाल
२४. मा० सूर्यमान तामाङ (दोङ)
२५. मा० सोनु मुर्मु
२६. मा० संजय कुमार गौतम
२७. मा० हर्कमाया विश्वकर्मा
२८. मा० हरि ढकाल
२९. मा० हितराज पाण्डे
३०. मा० हेमराज राई
३१. मा० हृदयराम थानी
३२. मा० ज्ञानु बस्नेत सुवेदी
३३. मा० ज्ञानेन्द्र बहादुर कार्की

तत्पश्चात् माननीय गृहमन्त्री रमेश लेखकले सभाको आकस्मिक, शून्य र विशेष समयमा उठेका विषयहरुका सम्बन्धमा जवाफ दिनुभयो ।

तदुपरान्त विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० डा० चन्द्रकान्त भण्डारी
२. मा० योगेशकुमार भट्टराई
३. मा० सुदन किराँती
४. मा० गणेश पराजुली
५. मा० रोशन कार्की
६. मा० राजेन्द्र प्रसाद पाण्डे
७. मा० रन्जु कुमारी झा
८. मा० अब्दुल खांन
९. मा० रेखा यादव
१०. मा० लालबिर चौधरी
११. मा० योगेन्द्र मण्डल
१२. मा० रामकृष्ण यादव
१३. मा० सुनिता बराल

त्यसपछि सम्माननीय सभामुखले संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को नियम २५ को उपनियम (२) बमोजिम संसदीय सुनुवाई समितिमा माननीय रमेश लेखकको स्थानमा माननीय श्याम कुमार घिमिरे र माननीय डा० स्वर्णिम वाग्लेको स्थानमा माननीय डोल प्रसाद अर्यालको साथै प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७७

बमोजिम निम्नलिखित समितिमा माननीय सदस्यहरुको नाम थप तथा हेरफेर गर्न सभाको सहमतिको लागि प्रस्ताव प्रस्तुत गर्नुहुँदा सभाले सहमति जनायोः-

| क्र.सं. | मा० सदस्यको नाम | समिति |
|---|---|---|
| १. | मा० पदम गिरी | अर्थ समिति |
| २. | मा० भगवती चौधरी | अर्थ समिति |
| ३. | मा० बर्षमान पुन | अर्थ समिति |
| ४. | मा० विराजभक्त श्रेष्ठ | अर्थ समिति |
| ५. | मा० हरि प्रसाद उप्रेती | अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति |
| ६. | मा० हितबहादुर तामाङ | अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति |
| ७. | मा० रघुविर महासेठ | उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति |
| ८. | मा० डोलप्रसाद अर्याल | उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति |
| ९. | मा० ज्वाला कुमारी साह | कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति |
| १०. | मा० शक्तिबहादुर बस्नेत | पूर्वाधार विकास समिति |
| ११. | मा० पूर्णबहादुर खड्का | राज्य व्यवस्था तथा सुशासन समिति |
| १२. | मा० राजेन्द्र कुमार राई | राज्य व्यवस्था तथा सुशासन समिति |
| १३. | मा० पुष्पकमल दाहाल (प्रचण्ड) | राज्य व्यवस्था तथा सुशासन समिति |
| १४. | मा० रबि लामिछाने | राज्य व्यवस्था तथा सुशासन समिति |
| १५. | मा० रेखा शर्मा | शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति |
| १६. | मा० सुमना श्रेष्ठ | शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति |
| १७. | मा० हरि ढकाल | राज्य व्यवस्था तथा सुशासन समितिबाट सार्वजनिक लेखा समितिमा |
| १८. | मा० मिना यादव | शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिबाट<br>कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा |

तत्पश्चात् माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले राष्ट्रिय सभामा उत्पत्ति भएको "सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८१ माथि विचार गरियोस्" भनि प्रस्तुत गर्नुभएको प्रस्तावमाथीको छलफलमा निम्नलिखित माननीय सदस्यहरुले राख्नुभएको प्रश्नको माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले जवाफ दिनुभयोः-

१. मा० माधव सापकोटा
२. मा० मनिष झा
३. मा० प्रतिमा गौतम
४. मा० नागिना यादव
५. मा० नारायणी शर्मा
६. मा० ठाकुर प्रसाद गैरे
७. मा० रणेन्द्र बराली
८. मा० विमला सुवेदी
९. मा० निशा डागी

तदुपरान्त माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले राष्ट्रिय सभामा उत्पत्ति भएको "सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८१ माथि विचार गरियोस्" भनि प्रस्तुत गर्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले "सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८१" माथि संशोधन पेश गर्न चाहने माननीय सदस्यहरुले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम बहत्तर घण्टाभित्र आफूले पेश गर्न चाहेको संशोधनको सूचना विधेयक शाखा (प्रतिनिधि सभा) मा दिनसक्नुहुने व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात् माननीय प्रतिमा गौतमले "डेंगीको प्रकोप तीव्र रुपमा देशभरि फैलिई जनस्वास्थ्य संकट उत्पन्न हुन गई अस्पतालमा गम्भीर अवस्थाका बिरामीहरु भर्ना हुने संख्यामा वृद्धि, समाजमा डर र त्रासको माहौल उत्पन्न भएकोले डेंगीको प्रभावकारी नियन्त्रण एवं भविष्यमा सिर्जना हुने गम्भीर र दीर्घकालीन असर न्यूनीकरण तथा रोकथामको लागि सरकारलाई निर्देशन दिन अपरिहार्य भएकोले" भनी प्रस्तुत गर्नुभएको जरुरी सार्वजनिक महत्वको प्रस्तावलाई समर्थन गर्दै निम्नलिखित माननीय सदस्यहरुले छलफलमा भाग लिनुभयोः-

१. मा० कुसुमदेवी थापा *(समर्थनकर्ता)*
२. मा० सपना राजभण्डारी *(समर्थनकर्ता)*
३. मा० सिता मिजार *(समर्थनकर्ता)*
४. मा० विराज भक्त श्रेष्ठ
५. मा० ऋषिकेश पोखरेल
६. मा० योगेश कुमार भट्टराई
७. मा० संजय कुमार गौतम
८. मा० राजेन्द्र कुमार के.सी.
९. मा० असिम शाह
१०. मा० सुशिला सिर्पाली ठकुरी
११. मा० डा० तोसिमा कार्की
१२. मा० उर्मिला माझी
१३. मा० अशोक कुमार चौधरी
१४. मा० ठाकुर प्रसाद गैरे
१५. मा० सिता कुमारी राना
१६. मा० निशा डागी
१७. मा० रामकृष्ण यादव

तदुपरान्त माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदिप पौडेलले उक्त छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदनन्तर अर्को बैठक २०८१ साल साउन १३ गते आइतबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ०६:३० बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव